निर्णय नं. १

चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१ कार्तिक ११ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु उपर छलफल तथा समिक्षा गरियो ।

निर्णय नं. २

चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनाको अनुसुची ९ मा प्रस्तावित प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका योजनाहरुमध्ये योजना कार्यान्वयनका लागि नगरपालिकाको स्थानीय निर्देशक समितिबाट कार्यपालिकामा सिफारिस भई आएका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८०/०६/२३ गते स्वीकृत स्वंयसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८० मा तपशिल बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

तपशिल

१. साविक दफा ३ को उपदफा क, ख र ग रहेकोमा देहाय बमोजिम उपदफा 'घ' र 'ङ' थप गरिएको ।

(घ) स्वयंसेवक शिक्षक छनौटका मापदण्ड देहाय अनुसार रहनेछ। स्वंमसेवक शिक्षक छनौटका लागि पूर्णाङ्क १०० को आधार मानी निम्नानुसार योग्यताक्रम निर्धारण गरिनेछ

| क.सं. | भौगोलिक क्षेत्र (२०) अंक | | शैक्षिक योग्यता (६०) अंक | | | | | | कार्यरत जेष्ठता (२०) अंक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सम्बन्धित तह (५०) अंक | | | माथिल्लो तह (१०) अंक | | | |
| | | | प्रथम | द्धितिय | तृतीय | प्रथम | द्धितिय | तृतीय | |
| १. | चौतारा साँगाचोकगढी नगरपालिका (२०) अंक | सिन्धुपाल्चोक जिल्ला (१०) अंक | ५० | ४५ | ४० | १० | ८ | ६ | प्रतिवर्ष ४ वर्ष अंकका दरले ५ वर्षको मात्र अंक गणना गरिनेछ । |

(ङ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि दुई वा दुई भन्दा बढी जम्मा औषत अंक बराबर भएमा कार्यरत जेष्ठता, महिला, अपाङ्ग, दलित र सीमान्तकृतलाई आधार मानी सम्बन्धित उम्मेदवारहरुको योग्यताक्रम निर्धारण गरिनेछ ।

२. दफा ४ को उपदफा ३ 'ग' मा आवेदन दिने व्यक्ति प्रारम्भिक बालविकासको हकमा १६ रहेकोमा १८ हुनुपर्ने र माध्यमिक शिक्षकको हकमा १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको मा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

३. दफा ९ 'घ' मा माध्यमिक तहका लागि मासिक रु. पैंतिस हजार रहेकोमा रु. पच्चीस हजार हुनेछ ।

निर्णय नं. ४

नगरपालिकामा ऐन नियम कार्यविधिको मस्यौदा तर्जुमा गर्नुपर्ने हुँदा सो तर्जुमा गर्नको लागि तपशिल वमोजिमको एक समिति गठन गर्ने र सो समितिका सदस्यहरुलाई नेपाल सरकारको नियमानुसार बैठक भत्ता र खाजा खर्च उपलव्ध गराउने । थप विषयहरु समितिलाई कायदिश दिंदा खुलाउन सकिनेछ ।

तपशिल :

क. प्रमुख प्रशासकीय अधिकृत संयोजक
ख. सम्बन्धित शाखाको प्रमुख सदस्य
ग. प्रशासन शाखा प्रमुख सदस्य
घ. योजना शाखा प्रमुख सदस्य
ङ. विषय विज्ञ सदस्य

समितिको वैठकमा नगर प्रमुख, नगर उपप्रमुख र विषयगत समितिका संयोजक आवश्यकतानुसार आमन्त्रित सदस्यको रुपमा रहनेछन्। साथै आवश्यकतानुसार अन्य सदस्य आमन्त्रित गर्न सकिनेछ ।

निर्णय नं. ५

माथि निर्णय नं. ४ को समितिले ऐन र नियमावली तर्जुमाको लागि कार्यपालिकाको स्वीकृति लिई कार्य गर्ने साथै कार्यविधि मस्यौदाको लागि नगरपालिकाको नगर प्रमुख स्तरीय निर्णयबाट कार्य सूचारु गर्ने निर्णय गरियो । समय अभावको कारण ऐन, नियमको पूर्व स्वीकृति लिन सम्भव नभएमा नगर प्रमुखस्तरबाट निर्णय गरी कार्यपालिकाबाट अनुमोदन गराउने गरी कार्य गर्न नगरपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ६

कृषि विकास ऐन, आधारभूत स्वास्थ्य सेवा ऐन, व्यवसाय दर्ता ऐन, संस्था दर्ता ऐन, नगर सभा संचालन तथा व्यवस्थापन ऐन, नगर प्रहरी ऐन, नगरपालिकाको वन तथा वातावरण संरक्षण ऐनको प्रारम्भिक मस्यौदा तर्जुमा गर्न नगरपालिका कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं. ७

चौतारा साँगाचोकगढी नगरपालिका कार्यालयको शाखाहरु तथा स्वास्थ्य संस्थाहरुमा कर्मचारी अभाव भएको कारण दैनिक कार्य सम्पादनमा कठिनाई भएको अवस्थालाई मध्येनजर गर्दै स्वास्थ्य संस्थावाट हुने कामकाजमा छिटो, छरितो एवं पारदर्शिता कायम गर्ने उद्देश्यले देहाय बमोजिमको पदहरु करारमा पदपुर्ति गर्न नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

| क्र.सं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|
| १. | कृषि स्नातक | अधिकृतस्तर छैठौं | १ (एक) |
| २. | भेटेरीनरी डक्टर | अधिकृतस्तर छैठौं | १ (एक) |
| ३. | अ.हे.व. | सहायकस्तर चौथो | ५ (पाँच) |
| ४. | अ.न.मी. | सहायकस्तर चौथो | ७ (सात) |
| ५. | कविराज | सहायकस्तर पाँचौं | १ (एक) |

निर्णय नं. ८

नगरपालिकाको वडा नं १० का कार्यालय सहयोगी श्री सुवास ठकुरी खुट्टा भाचिएको कारण लामो समय कामकाजमा रहन नसकेकोले उक्त कार्यालयमा सहायक कम्प्युटर अपरेटरको रुपमा श्री बुद्ध तामाङलाई दैनिक ज्यालादारीमा कामकाजमा लगाइएको अवस्थामा रहेको छ । खुट्टाको उपचारको लागि प्लाष्टर गरेको अवस्थामा कार्यालयमा उपस्थित हुन नसक्नु स्वभाविक स्वास्थ्य समस्या हो। यो मानविय समस्या हो। यो कुनै आचरणगत समस्या होइन। तसर्थ निज श्री सुवास ठकुरीलाई नगरपालिकामा कामकाजमा लगाई पूर्वरत शर्त अनुसार तलव सुविधा उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृत र कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो । साथै हाललाई वडा नं. १० मा सहायक कम्प्युटर अपरेटरको रुपमा कार्यरत श्री बुद्ध तामाङलाई कामकाजमा लगाएको मिति देखि नियमानुसारको दैनिक ज्यालादारीको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९

नगरपालिकामा नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका कृषकबाट उत्पादन भएका उत्पादनहरुलाई प्रशोधन गर्ने, भण्डारण गरी सुरक्षित राख्ने, ब्राण्डिङ्ग गर्ने कार्यमा कृषक वा साना समुहहरु प्रभावकारी नभएको र निजी क्षेत्रलाई सो जिम्मा दिन सार्वजनिक निजी साझेदारीका स्पष्ट मापदण्ड फेला पार्न नसकिएकोले अनेक समस्या आउनुका साथै भविष्यमा समेत थप आउन सक्ने अवस्थालाई विचार गरी कृषकको हितको लागि कृषकलाई नै परिचालन गर्ने उद्देश्य अनुरुप मिति २०८१/०८/०५ गते नगरपालिकाको अगुवाईमा नगर कृषक भेला आयोजना गरी हाललाई नगर कृषक संजालको तदर्थ समिति गठन गरी विधान तर्जुमा र प्रथम अधिवेशन गराउने तर्फ नगरपालिका क्रियाशिल रहेको छ । गत आ.व. मा नगर सभाबाट पारित कार्यक्रममा नगरपालिकामा फलफुल तथा तरकारी संकलन उद्योग स्थापना कार्यक्रम राखिएको र सो कार्यक्रम कार्यान्वयनको मोडालिटी तय गर्न नसक्दा कार्यान्वयन हुन नसकेकोमा चालू आ.व.को नगर सभाले समेत पुन: उक्त कार्यक्रमलाई निरन्तरता प्रदान गरेकोले अब सो कार्यक्रम तपशिल वमोजिमका शर्तमा नगर कृषक सञ्जालबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

क. कृषक र कृषक समुहहरु हाल आर्थिक रुपमा ससक्त नभएको अवस्थामा कृषकहरुको लागत साझेदारी सम्भव नभएकोले उक्त उद्योग स्थापनाको लागि लाग्ने भवन निर्माण र यन्त्र उपकरण नगरपालिकाको बजेटबाट खरीद गर्ने वा निर्माण गर्ने ।

ख. नगर कृषक संजालको संचालन विधिहरु तय गर्ने ।

ग. नगर कृषक संजालबाट संचालन हुने उद्योग व्यवसाय वा पूर्वाधार संचालन र व्यवस्थापनको व्यवसायिक कार्य संचालनको विधि तर्जुमा गर्ने ।

घ. कृषकहरुको नगर सञ्जालसँग सम्झौता गरी संचालन र व्यवस्थापनको जिम्मा सुम्पिने ।

ङ. भवन निर्माण गर्ने जग्गाको व्यवस्था नगर कार्यपालिकाको निर्णयले गर्ने ।

च. हाललाई विनियोजित बजेट अनुसार यन्त्र मेशिन उपकरण खरिद गर्न नगरपालिका कार्यालयलाई निर्देशनको साथै अख्तियारी दिने ।

निर्णय नं. १०

नगरपालिका भित्र संचालन हुने गैर सरकारी संघ संस्थाहरुको समन्वयको लागि तपशिल बमोजिमको एक कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| १. | नगर उपप्रमुख | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| ४. | सम्बन्धित विषयगत शाखाको प्रमुख | सदस्य |
| ५. | योजना/कार्यक्रम शाखा प्रमुख | सदस्य |

तर प्रमुख प्रशासकीय अधिकृतले योजना र कार्यक्रम हेर्ने गरी फरक फरक व्यक्तिलाई तोकिएको अवस्थामा योजनाको हकमा योजना हेर्ने प्रमुख र कार्यक्रमको हकमा कार्यक्रम हेर्ने प्रमुखलाई समितिको वैठकमा बोलाइने छ। विषयगत क्षेत्र अनुसार समितिको वैठकमा समितिका संयोजकहरुलाई आमन्त्रित सदस्यको रुपमा वोलाइनेछ। यस कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको सचिवालयको काम महिला तथा बालबलिका शाखाले गर्नेछ ।

निर्णय नं. ११

चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ८ को कार्यालयबाट MBBS छात्रवृत्तिका लागि सूचना प्रकाशन भएकोमा तोकिएको अवधिभर सोही वडा निवासी MBBS तेस्रो वर्षमा अध्ययनरत श्री मनिता श्रेष्ठले पेश गरेको निवेदन अनुसार वडा नं. ८ कार्यालयबाट निजलाई MBBS छात्रवृत्ति वापत् रु. १ लाख दिने निर्णय भई यस बैठकमा स्वीकृतिका लागि पेश भएकोले सोही बमोजिम निजलाई MBBS छात्रवृत्ति वापत् रु. १ लाख प्रदान गर्न स्वीकृति दिने निर्णय गरियो । वडा नं. १४ को वडा भित्रका सडक सरसफाई गर्ने कार्यक्रमको वडावाट भएको सम्झौता बमोजिम भएको कार्यको भुक्तानी दिन कार्यालयलाई अख्तियारी प्रदान गरियो । त्यसै गरी वडा नं. १३ को वडा भित्रका सडक सरसफाई गर्ने कार्यक्रम अन्तर्गतको रु. ६ लाख मध्येबाट विभिन्न उपभोक्ता समिति गरी रु. ४ लाख र रु. २ लाख भुक्तानी दिने निर्णय गरियो । साथै वडा नं. १३ को भैपरी तथा विविध कार्यक्रम शिर्षकको रु. ६ लाख मध्येबाट रु. १ लाख श्री सेतिदेवि मा.वि., ठूलोसिरुवारीलाई भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२

यस चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १ को वडा भित्रका सडक सरसफाई गर्ने कार्यक्रम अन्तर्गतको रु. १८ लाख मध्येबाट ३ वटा उपभोक्ता समिति गरी प्रति उपभोक्ता समिति रु. ४,५०,००० (चार लाख पचास हजार) र सडक बत्ती मर्मत सुधार कार्यक्रमको रु. २ र विविध शिर्षकबाट रु. ४०,०००।- (चालिस हजार) गरी सडक बत्ती मर्मत सुधार कार्यक्रमका लागि वडा समितिबाट भएका निर्णय स्वीकृत गरी कुल रु. २,४०,००० (दुई लाख चालिस हजार) भुक्तानी दिने निर्णय गरियो। त्यस्तै, सोही वडाको खेलकुद तर्फ रु. ३,००,०००।- (तीन लाख) बाट वडा स्तरीय सहिद विसु स्मृति तेस्रो कप फुटबल आयोजना संचालनको रु. ६५,००० (पैंसठ्ठी हजार) भुक्तानी दिने निर्णय गरियो । त्यस्तै वडा नं. २ को वडागत बजेटको विविध शिर्षकको रु. १५,००,०००।- (पन्ध्र लाख) मध्येबाट स्वतन्त्र फुल्पिङ युवा समाजलाई साँस्कृतिक कार्यक्रम गरे वापत् रु. २,५०,०००।- (दुई लाख पचास हजार) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३

नगर सभाबाट पारित घर वाहाल कर र व्यवसाय करलाई कार्यान्वियन गर्नको लागि तपशिल बमोजिमका नियमहरु पारित गर्ने निर्णय गरियो ।

क. यस नगरपालिकाको सम्पूर्ण क्षेत्रलाई निम्न अनुसार वर्गिकरण गरी तपशिल वमोजिम वहाल कर संकलन गर्ने ।

| सि.न. | क्षेत्र | घोषणा | कर संकलनको न्यूनतम आधार | थप आधार |
|---|---|---|---|---|
| १. | • नगरपालिकाको ५ नं. वडाको भिन्तुना चोक देखि नगरपालिका जाने वाटोको पिपल वोट सम्म<br>• ५ नं. वडाकै सोही वाटोको वन परिसर जाने सहायक वाटोको तम्मर वहादुर तामाङ्ग को घर सम्म<br>• ५ नं. वडाकै घले गाउँ झर्ने वाटोको नमस्ते होटल सम्म<br>• ५ नं. वडाकै नवलपुर चोक देखि मालपोत कार्यालय हुँदै माधवलाल कर्माचार्य को घर सम्म<br>• नगरपालिकाको वडा नं.१०, वडा नं.९, वडा नं. ११ र वडा नं.१२ समेटेको सिम्ले र सुकुटे क्षेत्र | व्यापारीक क्षेत्र | • बाटोसँग सटेका घरहरुको पहिलो तलामा प्रति सटर न्यूनतम भाडा रु. २०००<br>• दोस्रो तलामा रहेका सटर र कोठामा प्रति सटर वा कोठा न्यूनतम रु. १५००<br>• तेस्रो तलामा रहेका कोठामा प्रति कोठा न्यूनतम रु. १००० | • यस क्षेत्रका सटरहरुमा वहाल कर प्रयोजनको लागि नगरपालिकाले सटरहरुको सम्वन्धमा अभिलेख राखि न्यूनतम भाडा वहाल करको १०% वार्षिक रुपमा असुल गर्ने छ ।<br>• घर धनिले व्यवसाय गर्न अर्कै व्यत्तिलाई दिएको र ति दुई पक्षको सम्झौतामा वहाल कर तिर्ने दायित्व व्यवसाय गर्ने व्यत्तिलाई तोकिएको भए सम्झौतामा उल्लेख गरिएको रकमको १०% सम्वन्धित व्यवसायीबाट असुल उपर गरीनेछ । तर यस प्रयोजनको लागि वहाल दर सो क्षेत्रमा चलेको चलन चल्तीको दर भन्दा कम हुने छैन । चलन चल्तीको दर भन्नाले सो क्षेत्रमा सरकारी कार्यालयले घर भाडामा लिँदा तिरेको वहाल वा लिमिटेड कम्पनीहरुले तिरेको वहाल वा मायिका दुइ आधारबाट पनि निर्णय हुन नसकेमा तत्कालिन जिल्ला प्राविधिक कार्यालयबाट निर्धारण भएको भाडादरमा १०% वृदि भएको वहाल दरलाई लिनु पर्नेछ । यसरी चलन चल्तीको वहाल कर तिरेका व्यवसायीहरुले व्यवसाय छोडेमा सोको जानकारी नगरपालिकामा घर धनीले गराई अभिलेख सुधार गर्नु पर्नेछ । अभिलेख सुधार नहुन्जेल नगरपालिकाले कर गणना गरी असुल गर्ने छ ।<br>• न्यूनतम भाडा दरको लागि पक्कि वा कच्ची दुवै प्रकारका संरचनालाइ एकै मात्रे । |
| २. | • माथि सि.न.१ वाहेकका वडा नं. ५ का क्षेत्रको साथै नगरपालिकाका अरु सवै क्षेत्रहरु | गैर व्यापारीक क्षेत्र | • वाटोमा सटेका सटर/कोठाहरु नगरपालिकाको अनुगमन जाँदा व्यवसाय गरेको देखिएमा प्रति सटर/कोठा प्रति महिना न्यूनतम रु. ५००<br>• तर घर धनि आफै व्यवसाय गरेको अवस्थामा व्यवसाय दर्ता गरी व्यवसाय कर लिई वहाल कर लिइने छैन ।<br>• होटल संचालन गरेका घरहरुको सम्बन्धमा प्रति सटर रु. १०००।- र प्रतिकोठा न्यूनतम रु. ५००।- प्रति महिनाका दरले वहालकर लिइनेछ।<br>• घर धनि आफैं व्यवसाय गरेका तर वार्षिक २० लाख भन्दा वढीको कारोबार गर्ने व्यवसायहरुको सन्दर्भमा उक्त फर्मको अडिट रिपोर्ट हेरी अडिट रिपोर्टमा वहाल (भाडा) वापत खर्च देखाएको पाइएमा अडिट रिपोर्टको वहाल रकम र माथि उल्लेख भएको न्यूनतम दरको वहाल रकम जुन बढी हुन्छ सो अनुसार कर लिइनेछ । | |

ख. नगरपालिकाको क्षेत्र भित्र संचालन भएका व्यवसायहरुको व्यवसाय कर तपशिल बमोजिम असुल गर्ने ।

१. यस प्रकारको व्यवसाय कर नगरपालिकाको पहिलो नगर सभाबाट नगरको आर्थिक ऐन पारित भएको आ.व. देखि असुल उपर गर्ने ।

२. नेपाल सरकारको अधिकार क्षेत्र भित्र रहि नेपाल सरकारका निकायमा दर्ता भएका वा प्रदेश सरकारको अधिकार क्षेत्र भित्र रहि प्रदेश सरकारका निकायमा दर्ता भएका व्यवसायहरुको सन्दर्भमा दर्ता भएको मिति, कर कार्यालयको कर दाता नम्वर लिएको मिति वा लाइसेन्स लिनु पर्ने प्रकृतिका व्यवसायहरुको हकमा जुन मिति पछि छ सोही मितिबाट व्यवसाय कर लिने ।

३. माथि बुंदा नं. २ को व्यवस्था अनुसार लाइसेन्स लिनु पर्ने प्रकृतिका व्यवसायहरुले लाइसेन्स नलिईकन कारोवार गरेको भए कर चुक्ता प्रमाण पत्र हेरी कारोवार गरेको भएमा कारोवार गरेको मितिबाट व्यवसाय कर असुल उपर गर्ने ।

४. स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय सरकारको अधिकार क्षेत्र भित्र परेका व्यवसायहरुको व्यवसाय करको सन्दर्भमा व्यवसाय दर्ता गरी दर्ता गरेको मितिबाट व्यवसाय कर असुल उपर गर्ने ।

ग. व्यवसाय कर र वहाल करलाई प्रणालीमा आवद्ध गरी प्रभावकारी बनाउन तपशिल वमोजिमको एक बजार अनुगमन टोली परिचालन गर्ने ।

| | |
|---|---|
| सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाको वडा सचिव | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक कर्मचारी | सदस्य |
| नगर प्रहरी | सदस्य |
| कार्यालय सहयोगी | सदस्य |

घ. माथि वुंदा नं. ग को टोलीको कार्यको अनुगमन गर्ने नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको एक अनुगमन समिति रहनेछ ।

ङ. अनुगमन टोली र अनुगमन समितिका सदस्यहरुलाई कार्य गरेको दिनको लागि रु. १००० अनुगमन भत्ता उपलब्ध गराउने ।

<u>निर्णय नं. १४</u>

नगरपालिकाको वडा नं. ९, १०, ११ र १२ का तपशिलको सिमाना भित्र रहेको भू-भागलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९ को उपदफा ३ बमोजिम पर्यटकिय क्षेत्र घोषणा गर्ने निर्णय गरियो । साथै उक्त क्षेत्रको पर्यटकीय पूर्वाधारको संरक्षण र विकासका लागि उक्त क्षेत्रमा रु. १०० पर्यटन शुल्क लिने निर्णय गरियो ।

| क.सं. | सिमानाको नाम | कैफियत |
|---|---|---|
| १. | लिपेखोला देखि इन्द्ररत्न क्रसर उद्योग हुँदै बलेफी खोला पुल | वडा नं. ९ |
| २. | भदौरे खोला देखि लिपे खोला सम्म | वडा नं. १० |
| ३. | बन्देउ देखि सिम्ले बजार हुँदै भष्मेखोला सम्म | वडा नं. ११ |
| ४. | भष्मेखोला देखि भदौरे खोला/जुगे खोला सम्म | वडा नं. १२ |

**निर्णय नं. १५**

नगर विपद् व्यवस्थापन समितिको मिति २०८१/०७/२० गतेको निर्णय साथै यस चौतारा साँगाचोकगढी नगरपालिका भित्र फुटपाथ व्यवस्थापन एवं ट्राफिक व्यवस्थापन गर्न तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा भएको व्यवस्था अनुसार कामकाज गर्न गराउन नगरपालिकामा ६ (छ) जना नगर प्रहरी सेवा करारमा पदपुर्ति गरी नियुक्ती गर्न नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

संघीय सशर्त अनुदान (पुँजीगत) तर्फको कृषि पूर्वाधार निर्माण तथा निरन्तरता अधुरो शितभण्डार निर्माण योजनाको रु. २ करोडको सम्बन्धमा यस प्रकारको योजनाको लागत अनुमान तयार गर्ने प्राविधिक जनशक्ति यस नगरपालिकामा नरहेकोले सो योजनाको लागत अनुमान तयार गरि खरिद प्रक्रिया अगाडि बढाउन सघन सहरी तथा भवन निर्माण आयोजना, रामेछापलाई लेखि पठाउने । उक्त कार्यालयले आफूलाई प्राप्त अख्तियारीमा यस नगरपालिकालाई प्राप्त अख्तियारीको रु. २ करोड समावेस गरी एकीकृत खरिद प्रक्रिया गरी भुक्तानीको लागि माग गरेमा माग गरे बमोजिमको रकम उक्त कार्यालयलाई भुक्तानी गर्ने र ठेकेदारलाई जे जति भुक्तानी गर्ने हो सोही कार्यालयबाटै हुने प्रक्रिया मिलाउने । नगरपालिकाको शसर्त अनुदान भएको र यसको निरन्तरता नहुन सक्ने भएकोले भुक्तानी दिंदा सर्व प्रथम नगरपालिकाको अख्तियारीबाट खर्च लेख्ने व्यवस्था मिलाउने निर्णय गरियो। नगरपालिकाको स्रोतबाट गर्नुपर्ने भुक्तानी चालू आ.व. को असार मसान्त सम्म गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

नगरपालिकाको आ.व. २०८१/०८२ को संघ विशेष अनुदान तर्फको रोक्काटोल लिफ्ट खानेपानी आयोजना (सार्की गाउँ) योजनाको विस्तृत योजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो । सो प्रतिवेदन अनुसारका दररेटमा यो आ.ब.को लागि खरिद प्रक्रिया अगाडि बढाउन नगरपालिका कार्यालयलाई अख्तियारी प्रदान गरियो ।

**निर्णय नं. १८**

नगरपालिकाको आ.व. २०८१/०८२ को संघीय सशर्त अनुदान (पूँजीगत) तर्फको झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रममा समावेश भएका भेडाबारी कात्तिके झोलुङ्गे पुल वडा नं. १ र ३, माथिल्लो तिप्लीङ खोला झोलुङ्गे पुल वडा नं. ४ र बलेफी खोला झोलुङ्गे पुल वडा नं. ४ को DPR आ.व. २०७७/०७८ मा तयार गरिएकोमा हाल साविक DPR मा रहेको दररेट अनुसार निर्माण कार्य गर्न नसकिने देखिएको हुँदा उक्त दुई वटा झोलुङ्गे पुलको DPR संसोधन गर्ने साथै खोले घट्ट झोलुङ्गे पुल वडा नं. ७ र १३ को DPR तयार गर्न जनहित ग्रामिण सेवा समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०८१/०८२ को लागि संघ सशर्त अनुदान (पुंजीगत) तर्फका योजनाहरु तथा प्रदेश सशर्त अनुदान तर्फका योजनाहरु देहाय बमोजिम नगरपालिकाको थप लगानी रहने गरी ठेक्का प्रक्रिया अगाडि बढाउन नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो । संघ तथा प्रदेशको अनुदानमा नपुगहुने रकम नगरपालिकाले आन्तरिक स्रोतवाट व्यहोर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | २०८१/०८२ मा प्राप्त बजेट | नगरपालिकाबाट थप हुने बजेट | ठेक्का आह्वान हुने कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुकुटे पर्यटन प्रवर्धनका लागि बलेफी देखि सिम्ले सम्म फुटपाथ एवं चौतारीहरु निर्माण, चौ.सा.गढी.न.पा-९ र १०, सि.पा. | ९०,००,००० | २०,००,००० | १,१०,००,००० | संघ सशर्त (पुंजीगत) |
| २. | साँगाचोकगढी भौतिक पूर्वाधार निर्माण, चौ.सा.गढी.न.पा-१२, सि.पा. | २७,००,००० | ५,४०,००० | ३२,४०,००० | संघ सशर्त (पुंजीगत) |
| ३. | चालिसे भोटेरुम्टा सडक स्तरोन्नती कार्य, चौ.सा.गढी.न.पा-१०, सि.पा. | ५०,००,००० | १५,००,००० | ६५,००,००० | संघ सशर्त (पुंजीगत) |
| ४. | साँगाचोकगढी शान्तिपार्क निर्माण, चौ.सा.गढी.न.पा.-१२, सि.पा. | २०,००,००० | ४,००,००० | २४,००,००० | प्रदेश सशर्त |
| ५. | ठूलोसिरुवारी साना किसान समुह भवन निर्माण, चौ.सा.गढी.न.पा.-१३, सि.पा. | ३०,००,००० | ६,००,००० | ३६,००,००० | प्रदेश सशर्त |
| | जम्मा | २,४३,६०,००० | ५५,७२,००० | २,९९,३२,००० | |

**निर्णय नं. २०**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०८१/०८२ को लागि प्रदेश विशेष अनुदान तर्फको देहाय बमोजिमको नगरपालिकाको थप लगानी रहने गरी नगरपालिकाको कार्यालयलाई ठेक्का आव्हान गर्न अख्तियारी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | २०८१/०८२ मा प्राप्त बजेट | नगरपालिकाबाट थप हुने रकम | कुल बजेट |
|---|---|---|---|---|
| १. | शहिद स्मृति बालग्राम (विपन्न विद्यार्थी आवास) भवन निर्माण, चौ.सा.गढी.न.पा-७, सि.पा. | ७०,००,००० | ६०,००,००० | १,३०,००,००० |

निर्णय नं. २१

चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ८ को वडा समितिको निर्णयानुसार उक्त कार्यालयको च.नं. ३९९, मिति २०८१/०८/०४ को पत्र बमोजिम नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत वडा नं. ८ को वडागत बजेट अन्तर्गतको देहाय बमोजिम साविकको योजनाहरुबाट तपशिल बमोजिमको शिर्षकमा खर्च हुने रकम स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजनाहरु | साविकको विनियोजित बजेट | वडा समितिको निर्णयानुसार खर्च गरिने शिर्षक | खर्च गरिने बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | मार्सल आर्ट प्रशिक्षक अनुदान (सि.नं. ५ को ५.१) | २,६०,००० | कराँते प्रशिक्षक | २,६०,००० | इर्खु मा.वि. मार्फत् संचालन |
| २. | वडा बैठकबाट निर्णय गरी खेलकुद तर्फ विनियोजन (सि.नं. ५ को ५.२) | १,४०,००० | खेलकुद तर्फ विविध खेल आयोजना | १,४०,००० | इर्खु मा.वि. मार्फत् संचालन |
| ३. | वडा समितिको बैठकबाट निर्णय गरी बाँडफाँड गर्ने (सि.नं. १७) | ११,५५,००० | ७ ए साइट फुटबल खेल आयोजनामा वडा टिम सहभागी खर्च | ५१,५०० | वडा कार्यालय मार्फत् संचालन |
| ४. | | | गोठपानी, कार्कीछाप ट्रस निर्माण | १,५०,००० | तल्लोदिप बतासे टोल विकास समिति |
| ५. | वडा भित्र आवश्यकताको पहिचान गरी पाइप खरिद तथा वितरण (सि.नं. ३ को ३.३) | | | २,५०,००० | वडा कार्यालय मार्फत् संचालन |

निर्णय नं. २२

चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ६ को वडा समितिको निर्णयानुसार नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नगर बिकास योजनामा स्वीकृत वडा नं. ६ को वडागत बजेट अन्तर्गत सि.नं. १७ को विविध तर्फको १० लाख मध्येबाट देहाय बमोजिमको शिर्षकमा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | खर्चको शिर्षक | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १. | वडा कार्यालयको पेटी मर्मत | ४०,००० | |
| २. | वडा कार्यालय रेखालु | १२,००० | |
| ३. | वडा बैठक तथा अन्य कार्यक्रम खाना तथा खाजा | १,००,००० | |
| ४. | मृतक परिवार भेटघाट कार्यक्रम | २५,००० | |
| ५. | प्रहरी कार्यक्रममा खाना तथा खाजा | १०,००० | |
| ६. | वाल कार्यक्रम | २०,००० | |
| ७. | स्काभेटरबाट सडक सरसफाइ गर्दा खाना तथा खाजा | १०,००० | |
| ८. | दिपक नेपाली आर्थिक सहयोग | ७,००० | |
| ९. | भिरकुना कुलो मर्मत | १०,००० | |

निर्णय नं. २३

आ.व. २०८१/०८२ मा यस चौतारा साँगाचोकगढी नगरपालिका भित्र देहाय बमोजिमका योजनाहरु सडक बोर्ड नेपालसँग निम्नानुसारको लागत साझेदारीमा संचालन गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | बजेट रु. | | |
|---|---|---|---|---|
| | | सडक बोर्ड नेपालबाट व्यहोर्ने (७० प्रतिशत) | नगरपालिकाबाट व्यहोर्ने (३० प्रतिशत) | कुल जम्मा |
| १. | ठकुरीमोड सिम्पानी मोटरबाटो. वडा नं. ४ | १०,००,००० | ४,२८,५७१.४३ | १४,२८,५७१.४३ |
| २. | आफर कुविण्डे खोला सडक स्तरोन्नती, वडा नं. ४ | १०,००,००० | ४,२८,५७१.४३ | १४,२८,५७१.४३ |
| ३. | नौविसे पुलको मुख सडक स्तरोन्नती, वडा नं. २ | १०,००,००० | ४,२८,५७१.४३ | १४,२८,५७१.४३ |
| ४. | खतार कालोढुंगा सडक स्तरोन्नती. वडा नं. २ | १०,००,००० | ४,२८,५७१.४३ | १४,२८,५७१.४३ |
| ५. | रानदेवी मा.वि. देखि वडा कार्यालय जोड्ने सडक स्तरोन्नती, वडा नं. १० | १०,००,००० | ४,२८,५७१.४३ | १४,२८,५७१.४३ |
| | जम्मा | ५०,००,००० | २१,४२,८५७.१५ | ७१,४२,८५७.१५ |

निर्णय नं. २४

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम मध्ये विभिन्न मितिमा नगर प्रमुखबाट तोक आदेश भएका देहाय बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | शिर्षक | बजेट |
|---|---|---|---|
| १. | भिमसेन मन्दिरमा स्थानीय सरकारको तर्फबाट पुजा | पर्यटन तथा सँस्कृति | २,६८,००० |
| २. | बडा दशैं तथा शुभ दीपावलीको पावन अवसरमा १ नं. वडा स्तरीय सहिद विसु स्मृति तेस्रो कप फुटबल आयोजना | विविध | ५०,००० |
| ३. | आवशीय बालग्रामको वृत्त चित्र निर्माण | सूचना प्रविधि तथा संचार | ५०,००० |
| ४. | चौतारा भिमसेन जात्राको अवसरमा चौतारा भिमसेन युवा समूहको लागि ज्याकेट खरिद | पर्यटन तथा सँस्कृति | ८०,००० |
| ५. | वडा नं. ४ त्रिवेणीघाटमा रहेको महादेव थान मन्दिरको लागि चर्पी तथा रेलिङबार निर्माण | पर्यटन तथा सँस्कृति | ४,५०,००० |
| ६. | १० नं. वडा कार्यालय भवन मर्मत | वडा भवन निर्माण/मर्मत | ५,५०,००० |
| ७. | श्री सिद्धिगणेश मा.वि. सेफ्टी ट्याङ्की निर्माण | विविध | ५,०२,००० |
| ८. | एसिया रग्वी सेभेन्स ट्रफी २०२४ संचालन खर्च | विविध | ५,००,००० |
| ९. | २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण अवरुद्ध बाटो सरसफाई (वडा नं. १४) | विपद् व्यवस्थापन कोष | ४,००,००० |
| १०. | २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण अवरुद्ध बाटो सरसफाई (वडा नं. १०) | विपद् व्यवस्थापन कोष | ३,००,००० |
| ११. | २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण अवरुद्ध बाटो सरसफाई (वडा नं. ११) | विपद् व्यवस्थापन कोष | ४,००,००० |
| १२. | २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण अवरुद्ध बाटो सरसफाई (वडा नं. ४) | विपद् व्यवस्थापन कोष | २,००,००० |
| १३. | २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण अवरुद्ध बाटो सरसफाई (वडा नं. १३) | विपद् व्यवस्थापन कोष | २,००,००० |
| १४. | ज्ञान मन्दिर मा.वि. मेलचौरमा लागत साझेदारीमा सरस्वती मन्दिर निर्माण | म्याचिङ फण्ड | ३,००,००० |
| १५. | पुरानो ट्याङ्की हुँदै गौराती भिमसेन मन्दिर जाने गोरेटो बाटोमा सिँढी निर्माण, वडा नं. ६ | पर्यटन तथा सँस्कृति | ३,५०,००० |
| १६. | गौराती जात्रा मेला व्यवस्थापन खर्च | पर्यटन तथा सँस्कृति | २,००,००० |
| १७. | हर्रे ढुंगे जंगारे मोटरबाटो स्तरोनन्ती (वडा नं. ८) | विपद् व्यवस्थापन कोष | २,००,००० |
| १८. | साङ्गमार भिमसेनथान मेला व्यवस्थापन | पर्यटन तथा सँस्कृति | १,००,००० |